गरुडा नगरपालिका

# स्थानीय राजपत्र

गरुडा नगरपालिकाद्वारा प्रकाशित

खण्डः ३, संख्या : ५, मिति : २०८१/१०/३०

## भाग-२

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम गरुडा नगरपालिकाको नगर कार्यपालिकाले स्वीकृत गरेको कार्यविधि सर्वसाधारणको जानकारीका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम प्रकाशन गरिएको छ ।

# गरुडा नगरपाकिला कृषि अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८१

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८१।१०।२७ गते**

**प्रस्तावनाः** नपाल सरकारको सशर्त अनुदान अन्तर्गत खाद्य सुरक्षा, पोषण सहयोग तथा पशु विकास कार्यक्रम सञ्चालन गर्न तथा गरुडा  नगरपालिका कृषि ऐन, २०७९ बमोजिम कृषि व्यवसायको विकास प्रवर्द्धन गर्न ऐ.ऐनको  २२  को उपदफा (१) (ख) र उपदफा (३) बमोजिम कृषि व्यवसाय प्रवर्द्धन गर्न उपलब्ध गराइने अनुदानलाई व्यवस्थित, पारदर्शी, प्रभावकारी, दिगो तथा प्रतिफलमा आधारित बनाउन वाञ्छनीय भएकोले,

गरुडा  नगरपालिका कृषि ऐन २०७९ को दफा ५८ बमोजिम  स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी गरुडा  नगर कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम “ गरुडा नगरपालिका  कृषि अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि २०८१” रहेको छ ।

(२) यो कार्यविधि नगरपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) “अनुदान” भन्नाले नगरपालिकाबाट विनियोजित बजेट अनुसारको स्वीकृत कार्यक्रम बमोजिम कृषि, पशु तथा कृषिजन्य र पशुजन्य उद्योग  व्यवसाय उत्पादन, प्रशोधन, मुल्य अभिबृद्धि, बजारीकरण, विविधिकरण वा कृषिको आधुनिकीकरण र व्यवसायीकरणका लागि

कृषकलाई प्रदान गरिने नगद अनुदान सहुलियत सम्झनु पर्छ । साझेदार निकायबाट हुने कृषि सहुलियतलाई पनि बुझाउनेछ ।

(ख) "अनुदानग्राही" भन्नाले यस कार्यविधि बमोजिम छनौट भएका कृषि उद्यमी, कृषक समुह, कृषि सहकारी, कृषि विकाससँग सम्बन्धित समूह, समिति र कृषि व्यवसायी सम्झनुपर्छ ।

(ग) "कृषि व्यवसाय" भन्नाले कृषि, पशुपन्छी, मत्स्य, खाद्यजन्य लगायत उत्पादनलाई व्यवसायीकरण, बजारीकरण, मुल्य अभिबृद्धि एवं औद्योगिकरण गर्नेलाई समेत बुझिन्छ ।

(घ) "कार्यक्रम" भन्नाले नगरपालिका वा साझेदार निकाय वा अन्तर्गतका निकायबाट सञ्चालन हुने अनुदान प्रवाह सम्बन्धि कार्यक्रम सम्झनु पर्छ ।

(ङ) "कार्यालय" भन्नाले नगरपालिकाबाट स्वीकृत कार्यक्रम बमोजिम बजेट खर्च गर्न अख्तियारी प्राप्त निकाय सम्झनु पर्छ ।

(च) "बैङ्क" भन्नाले नगरपालिकाबाट तोकिएको बैङ्क सम्झनु पर्छ ।

(छ) "छनौट समिति" भन्नाले दफा ११ बमोजिमको छनौट समिति सम्झनु पर्छ ।

३. **उद्देश्यः** यो कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छ ।

क. **खाद्य सुरक्षा, पोषण सहयोग तथा पशु विकास कार्यक्रम** सञ्चालन गर्ने ।

ख. व्यवसायिक कृषि प्रणालीबाट गुणस्तरिय कृषि जन्य र पशु जन्य उत्पादान वृद्धि गर्ने ।

ग. कृषि व्यवसायको प्रवर्द्धन गरी स्थानीय स्तरमा रोजागरीको व्यवस्था गर्ने ।

घ. कृषि व्यवसायीलाई अनुदान उपलब्ध गराई कृषिमा युवा, महिलाको आकर्षण बढाउनुका साथै गरीब कृषकहरुलाई राहतको अनुभूति दिलाउने ।

ङ. व्यवसायिक कृषि कार्यक्रम मार्फत समृद्ध गरुडा नगरको लक्ष्य प्राप्ति गर्ने ।

४. **अनुदान उपलब्ध गराउन सक्नेः** नगरपालिकाले बार्षिक बजेट तथा स्वीकृत कार्यक्रम बमोजिम अनुदान उपलब्ध गराउन सक्नेछ ।

५. **अनुदानको सुचना र अनुदानग्राहीको छनौटः** (१) अनुदान सम्बन्धी कार्यक्रम सञ्चालन गर्न यस कार्यालयले वार्षिक स्वीकृत कार्यक्रम अनुसार सार्वजनिक रुपमा अधिकतम कृषकहरुसम्म सूचनाको पहुँच पुग्ने गरी आवेदन मागको लागि कम्तीमा १५ दिनको सूचना प्रकाशन/ प्रसारण गर्नु पर्नेछ । उक्त आवेदन सम्बन्धी सूचनाको आव्हान नगरपालिकाले तोकेको समय सीमा भित्रमा गरिसक्नु पर्नेछ ।

(२) कृषि अनुदान माग गर्ने कृषक, कृषि व्यवसायी, उद्यमी, सहकारी, समूह तथा फर्मले दफा ६ को उपदफा (१) को खण्ड (क),(ख),(ग),(घ), (ङ) र (च) मा उल्लेखित विभिन्न शिर्षकहरु मध्ये कुनै एक कार्यक्रमको लागि मात्र अनुदान वा लागत सहभागितामा सामाग्री पाउन आवेदन दिन सक्नेछ । तर डेरी उद्यमीको हकमा खण्ड (घ) र (ङ) दुवैमा सहभागिताको लागि आवेदन दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम अवेदन दिदाँ **अनुसूचि- १** बमोजिमको कागजातहरु संलग्न गरी डेरी यन्त्र (उपकरण) तथा सामाग्री/सिंचाईसँग सम्बन्धित सिंचाइको लागि विद्युत मोटर/पम्पसेट **अनुसूचि -२ (क)**, भैंसी खरिद/बाखा खरिद/कुखुराको खोर निर्माण/दुग्ध डेरी कोल्ड स्टोर निर्माण/माछा पोखरी निर्माण/माछा पोखरी मर्मत कार्यक्रमको लागि **अनुसूचि-२ (ख)** र एग्रो मार्ट निर्माण, एग्रो मार्ट सञ्चालन तथा व्यवस्थापन, तरकारी तथा फलपुल स्रोत केन्द्र स्थापना र सञ्चालन र सिड बैंक स्थापनाको लागि **अनुसूचि-२(ग)** बमोजिमको आवेदन (माग फारम सहित) दिनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम प्राप्त आवेदन छानविन गरी छनौटको लागि सम्बन्धित कार्यालयले छनौट समितिमा पठाउनु पर्नेछ ।

(५) दफा ११ बमोजिमको छनौट समितिले गरेको निर्णय अनुसार कार्यालय प्रमुखले कार्यक्रमहरु कार्यान्वयन गर्नेछ ।

६. **अनुदान शिर्षक :** (१) नगरपालिकाबाट कृषि व्यवसाय प्रवर्द्धनका लागि कृषक तथा कृषि व्यवसाय फर्म, समूह तथा कृषि सहकारी र दुग्ध डेरी उद्यमीलाई विनियोजित रकम अनुसारको शिर्षकहरुमा देहाय बमोजिम अनुदान उपलब्ध गराइनेछ ।

**(क) पशुपालन व्यवसायलाई प्रवर्द्धन गर्न पशु खरिदमा अनुदान :**

| क.सं. | अनुदान शिर्षक | अनुदान |
|---|---|---|
| १ | बाखापालनको लागि बाखा खरिद | ५०% |
| २ | भैसीपालनको लागि भैंसी खरिद | ५०% |

**(ख) माछापालन व्यवसाय प्रवर्द्धन गर्न पोखरी निर्माण तथा मर्मत सम्भारमा अनुदान :**

| क.सं. | योजना शीर्षक | अनुदान |
|---|---|---|
| १ | पोखरी निर्माण अनुदान | १०,०००/- प्रति कठ्ठा (जलासय क्षेत्र) |
| २ | पोखरी मर्मत अनुदान | ५,०००/- प्रति कठ्ठा (जलासय क्षेत्र) |

**(ग) कुखुरापालन व्यवसाय प्रवर्द्धन गर्न कुखुराको खोर निर्माणमा अनुदान :**

| क.सं. | योजना शीर्षक | अनुदान |
|---|---|---|
| १ | कुखुरा पालन खोर निर्माण | ५०% |

**(घ) दुग्ध डेरी उद्यमीहरुको व्यवसाय प्रवर्द्धनकालागि दुग्ध डेरी मिनिकोल्ड स्टोर निर्माणमा अनुदान :**

| क.सं. | योजना शीर्षक | अनुदान |
|---|---|---|
| १ | डेरी कोल्ड स्टोर निर्माण | ५०% |

**(ङ) दुग्ध डेरी उद्यमीहरुको व्यवसाय प्रवर्द्धनकालागि अनुदानमा दुग्ध डेरीसँग सम्बन्धित सामाग्रीहरु वितरण कार्यक्रम :**

| क.सं. | कार्यक्रम (योजना) शीर्षक | अनुदान रकम |
|---|---|---|
| १. | चिलिङ भ्याट : | ५०% |
| | क. चिलिङ भ्याट (५०० लि. क्षमताको) | |
| | ख. चिलिङ भ्याट (१,००० लि. क्षमताको) | |
| | ग. चिलिङ भ्याट (२,००० लि. क्षमताको) | |
| २. | पाश्चराइजर : | ५०% |
| | क. पाश्चराइजर (३०० लि. क्षमताको) | |
| | ख. पाश्चराइजर (५०० लि. क्षमताको) | |
| ३. | डी फ्रीज (८०० लि. क्षमताको) | ५०% |
| ४. | क्रिम सेपरेटर (३०० लि./प्रति घण्टा क्षमताको) | ५०% |
| ५. | मिल्क क्यान आल्मुनियम (४० लि. क्षमाताको ) | ५०% |
| ६. | मिल्क पम्प सामान्य | ५०% |
| ७. | मिल्क एनालाइजर सेट (इन्भटर सहित) | ५०% |

नगर कार्यपालिकाको कार्यालय

**(च) विद्युतीय सिंचाई मोटर र विद्युतीय पोल नपुगेको क्षेत्रमा सिंचाईको लागि पम्पसेट वितरण :**

| क.सं. | योजना शीर्षक | अनुदान रकम |
|---|---|---|
| १ | सिंचाईको लागि बिजुली मोटर वितरण | ५०% |
| २ | पम्पीसेट वितरण | ५०% |

**(छ) कृषकहरुलाई तरकारी वीऊबिजन मिनिकिट, फलपुलको विरुवा र माछाको भूरा वितरण**

| क.सं. | योजना शीर्षक | लाभग्राही |
|---|---|---|
| १ | तरकारी मिनिकिट वितरण | गरीब तथा साना कृषकहरु |
| २ | फलफुल विरूवा वितरण | गरीब तथा साना कृषकहरु |
| ३ | माछा भुरा वितरण | माछापालक कृषकहरु |

**(ज) उत्पादित कृषि जन्य वस्तुहरुको व्यवस्थित बिक्री वितरण कार्य, बीउ बिजन भण्डारण, बिक्री वितरणको व्यवस्था गर्न अनुदान :**

| क.सं. | अनुदान शिर्षक | अनुदान |
|---|---|---|
| १ | एग्रो मार्ट निर्माण | ५०% |
| २ | एग्रो मार्ट सञ्चालन तथा व्यवस्थापन | ५०% |
| ३ | तरकारी तथा फलपुल स्रोत केन्द्र स्थापना र सञ्चालन | ५०% |
| ४ | सिड बैंक स्थापना र सञ्चालन | ५०% |

**(झ) कार्यपालिकाले निर्णय गरे अनुसारका कृषि तथा पशुपालन, डेरी उद्योग र कृषि मशनरीहरु सम्बन्धी अन्य शिर्षकहरु ।**

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो कार्यविधि लागु हुनु अघि अनुदानग्राहीसँग सम्झौता भई कार्यान्वयनमा रहेको परियोजनाको हकमा त्यस्तो सम्झौता बमोजिम नै अनुदान उपलब्ध गराईनेछ ।

(३) उपदफा (१) को खण्ड (क),(ख),(ग),(घ) र (ज) बमोजिम अनुदान प्राप्त गर्ने कृषक, कृषिक समूह तथा कृषि फर्म र खण्ड (ङ), र (च) बमोजिम लागत सहभागितामा सामाग्री लिने कृषक, कृषक समूह, कृषि सहकारी, उद्यमी/व्यवसायी तथा दुग्ध डेरी फर्मले पाँच वर्ष सम्म सो व्यवसाय गर्ने प्रतिवद्धता व्यक्त गर्नुपर्ने छ ।

(४) उपदफा (१) को खण्ड (क),(ख),(ग),(घ), (ङ),(च) र (ज) बमोजिमको अनुदान उपलब्ध गराउँदा **अनुसूचि-३** बमोजिमको ढाँचामा सम्झौता गर्नुपर्नेछ ।

(५) उपदफा (१) को खण्ड (क) बमोजिको पशु (भैंसी) खरीद गर्दा स्वास्थ्य परीक्षण गरी दैनिक ८ लिटर भन्दा बढी उत्पादन दिने ४०० के.जी. वा सो भन्दा बढी तौल भएको स्वास्थ्य भैंसी खरिद गर्नुपर्ने छ ।

(६) उपदफा (१) को खण्ड (क) बमोजिको पशु (बाखा) खरीद गर्दा स्वास्थ्य परीक्षण गरी छ

(७) उपदफा (१) को खण्ड (छ) बमोजिमको वितरण कृषि तालिममा सहभागी कृषकहरुलाई मिनिकिट, विरुवा र माछापालक कृषकलाई माछाको भूरा बुझेको भर्पाइ गराई निःशुल्क वितरण गरिनेछ ।

(८) उपदफा (१) को खण्ड (ज) बमोजिमको उत्पादित कृषि जन्य वस्तुहरुको व्यवस्थित बिक्री वितरण कार्य, बीउ बिजन भण्डारण, विक्री वितरणको व्यवस्था गर्न उल्लेखित शिर्षक मध्ये कुनै एउटा शिर्षकको योजनामा मात्र लागत सहभागितामा निर्माण, संचालन र व्यवस्थापन गर्ने गरी लाभ ग्राहीले स्टीमेट पेश गर्नु पर्ने छ ।

(९) उपदफा (१) को खण्ड (झ) बमोजिमका शिर्षकहरुमा कार्यपालिकाले निर्णय गरे अनुसारको अनुदान उपलब्ध गराइने छ ।

(१०) उपदफा (१) को खण्ड (ङ) र (च) बमोजिमको सामाग्रीहरु अनुदानग्राहीले खरिद गर्दा नगर कार्यपालिकाले स्वीकृत गरेको स्पेसिफिकेशन अनुसार हुनुपर्ने छ ।

७. **रकम जम्मा गर्नुपर्ने :** दफा ६ को उपदफा (१) को खण्ड (ङ) मा उल्लेख गरिएको दुग्ध डेरी सञ्चालन सँग सम्बन्धित सामाग्री पाउन छनौट भएका कृषि सहकारी तथा दुग्ध डेरी फर्मले र खण्ड (च) मा उल्लेख गरिएको सामाग्री पाउन कृषक, कृषि समूह, कृषि फर्म, कृषि सहकारीले परल मूल्यको ५० प्रतिशत रकम नगरपालिकाको खातामा वा नगरपालिकाबाट छनौट गरिएको आपुर्तिकर्ता समक्ष जम्मा गरी सकेपछि मात्र सामाग्री बुझी लिन पाउनेछ ।

८. **अनुदान भुक्तानी बैंकमार्फत हुने**: (१) दफा ६ (१) को खण्ड (ङ) र (च) मा उल्लेखित कार्यक्रम बाहेकको शिर्षकमा नगरपालिकाले छनौट गरेको बैंकसँग सम्झौता गरी यस कार्यविधि बमोजिमको अनुदान रकम अनुदानग्राहीलाई उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाइनेछ । प्राविधिक अनुगमन तथा मूल्याङ्कन समितिले दिएको प्रतिवेदनको आधारमा दफा ११ बमोजिमको समितिले निर्धारण गरिए बमोजिम निश्चित रकम सम्म सोझै भुक्तानी गर्न सकिनेछ ।

(२) कार्यालयले छनौट गरेको अनुदानग्राहीले बैंक मार्फत अनुदान प्राप्तिको लागि आफूलाई पायक पर्ने बैंकमा खाता खोल्नु पर्नेछ ।

(३) अनुदानग्राहीको खाता रहेको बैंकमा अनुदान रकम जम्मा गरिनेछ ।

९. **विवरण प्रकाशन गर्नु पर्ने**: दफा (६) बमोजिम अनुदान प्राप्त गर्ने अनुदानग्राहीहरुको विवरण कार्यालयको वेबसाइटमा नियमित रुपमा अद्यावधिक गरी प्रकाशन गर्नु पर्नेछ ।

१०. **असुल उपर गर्नु पर्ने**: कार्यालयले यस कार्यविधि बमोजिम उपलब्ध गराइएको अनुदान रकममा सम्झौता बमोजिम व्यवसायिक कार्य सञ्चालन नभएमा सम्बन्धित पक्षबाट सरकारी बाँकी सरह प्रचलित कानुन बमोजिम असुल उपर गर्नेछ ।

११. **कृषि अनुदानग्राही छनौट समितिः** (१) नगरपालिका स्तरमा अनुदानग्राहीको छनौट गर्न देहाय बमोजिमको छनौट समितिको गठन गरिनेछ ।

| | |
|---|---|
| (क) नगर कार्यपालिका प्रमुख | -संयोजक |
| (ख) प्रमुख प्रशासकिय अधिकृत | -सदस्य |
| (ग) संयोजकले तोकेको कार्यपालिका सदस्य २ जना | -सदस्य |
| (घ) योजना अधिकृत | -सदस्य |
| (ङ) पशु सेवा शाखा प्रमुख | -सदस्य |
| (च) कृषि शाखाको प्रमुख | -सदस्य सचिव |

(२) छनौट समितिले आवश्यकता अनुसार बढीमा १ जना विज्ञ सदस्य समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) अनुदानग्राही छनौटको विधि छनौट समितिले आफैले तायर गरे अनुसार हुनेछ ।

१२. **प्राविधिक अनुगमन तथा मुल्याङ्कनः** यस कार्यविधि बमोजिम सञ्चालित कार्यक्रमको देहाय बमोजिमको प्राविधिक समितिबाट आवश्यकता अनुसार अनुगमन तथा मुल्याङ्कन गरिनेछ ।

| | |
|---|---|
| (क) योजना अधिकृत | संयोजक |
| (ख) कृषि शाखा प्रमुख | सदस्य |
| (ग) पशु शेवा शाखा प्रमुख | सदस्य |
| (घ) पूर्वाधार शाखा प्रमुख | सदस्य |

१३. **प्रतिवेदनः** सम्पादन गरेका कार्यको कृषि तथा पशु शाखाबाट मासिक प्रगति प्रतिवेदन **अनुसुची-४ र** वर्षिक प्रतिवेदन **अनुसूचि-५** बमोजिमको ढाँचामा तयार गर्नु पर्नेछ ।

१४. **विवरण प्रकाशन गर्नु पर्नेः** कार्यालयले अनुदानग्राहीको नाम सहितको विवरण आफ्नो वेबसाइट वा सूचना पाटीमा प्रकाशन गर्नु पर्नेछ ।

१५. **गुनासो व्यवस्थापनः** (१) अनुदानग्राहीले अनुदान प्राप्तिका सम्बन्धमा कुनै गुनासो भएमा अनुदान उपलब्ध गराउने सम्बन्धित कार्यालय प्रमुख समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुदानग्राहीबाट कुनै गुनासो प्राप्त भएमा सम्बन्धित कार्यालय प्रमुखले त्यस्तो गुनासो प्राप्त भएको मितिले १५ दिनभित्र निरुपण गर्नु पर्नेछ ।

१६. **लागत सहभागिता अनुदानः** यस नगरपालिकाले संघ, प्रदेश तथा साझेदार निकाय सँग साझेदारीमा कोल्ड स्टोर, बहुउद्देश्शीय भवन, हाट बजार, कृषि संकलन केन्द्र आदि निर्माण सञ्चालन र व्यवस्थापनमा लागत साझेदारी जनाउन सक्नेछ ।

१७. **सेवाग्राहीलाई दिइने सहुलियत उल्लेख गर्नु पर्नेः** यस कार्यविधि बमोजिम अनुदान प्राप्त गरी सेवा प्रवाह गर्ने अनुदानग्राहीले सम्बन्धित सेवामा सेवाग्राहीलाई सहुलियत दरमा सेवा प्रवाह गर्ने व्यवस्था सम्झौताका शर्तमा नै उल्लेख गरी लागू गर्नु पर्नेछ ।

१८. **दोहोरो सुविधा लिन नपाउनेः** अनुदानग्राहीले एकै प्रकृतिको कामको लागि एक भन्दा बढी निकायबाट अनुदान प्राप्त गर्न सक्ने छैन । एकै प्रकृतिको कामको लागि एक भन्दा बढी निकायबाट अनुदान प्राप्त गरेको देखिएमा ३ बर्ष सम्म उही प्रकृतिका र अन्य अनुदान समेत प्रदान गरिने छैन ।

१९. **अनुदानग्राही जिम्मेवार हुनेः** (१) कुनै विशेष कारणवश वा काबू बाहिरको परिस्थिति परी सम्झौता अनुरुप तोकिएको समयसिमा भित्र कार्य सम्पन्न हुन नसकी अनुदान रद्द भएमा वा अनुदानको रकम पूरा भुक्तानी नभएमा अनुदानग्राही स्वयं जिम्मेवार हुनेछ ।

(२) अनुदानबाट प्राप्त कृषि यान्त्रीकरण सामाग्री बस्तुभाउको अनुदान प्रापकले संरक्षण गर्नुपर्नेछ । सामुहिक उपयोग हुन सक्ने सामाग्री तथा बस्तुभाउको यथोचित संरक्षण, सुरक्षा हुन नसकि हानी भएको लागेमा अनुदानको लागत रकम अनदानग्राहीबाट असुल उपर गर्न बाधा पर्ने छैन ।

२०. **अनुदान प्राप्त गर्ने परियोजना/कार्यक्रम रद्द गर्न सक्ने वा सम्झौता रद्द गर्नेः** कुनै कारणवश प्रचलित ऐन कानुन विरुद्ध भएमा वा सम्झौता बमोजिम कार्यान्वयन नभएमा वा कारणवश कार्यालयले कार्यक्रम अगाडी बढाउन उपयुक्त नदेखेमा पूर्व जानकारी दिई सम्झौता रद्द गर्ने वा अनुदानको रकम पूरा भुक्तानी नदिन सक्ने सम्मको कारबाही हुनेछ ।

२१. **अनुदान कार्यक्रमको सूची सार्वजनिक सम्बन्धीः** वार्षिक स्वीकृत कार्यक्रम अनुसार सञ्चालन गर्ने अनुदानका कार्यक्रमको सूची नगरपालिकाले सार्वजनिक गर्नुपर्ने छ ।

२२. **स्वःघोषण तथा प्रतिवद्धता :** दफा ६ को उपदफा (१) खण्ड (क),(ख),(ग),(घ),(ङ),(च) र (ज) बमोजिमको कार्यक्रममा सहभागी हुन इच्छुक कृषक/कृषि फर्म/कृषिक समूह/कृषि सहकारी/दुग्ध डेरी फर्मले निवेदनसाथ **अनुसूचि-६** बमोजिमको स्वःघोषण पत्र र **अनुसूचि-७** बमोजिको प्रतिवद्धतापत्र अनिवार्यरुपमा पेश गर्नुपर्नेछ ।

२३. **कृषि फर्म, सहकारी, कृषक समूह, र डेरी उद्यमीको माग भएको सामाग्रीको संख्या तोक्ने :** (१) दफा ६ को उपदफा (१) को खण्ड (क) बमोजिमको कृषि फर्म, कृषि सहकारी, कृषक समूहलाई भैसी खरिदमा १५ सम्म र बाखा खरिदमा ६० वटा सम्मको सिमाभित्र रही दफा ११ बमोजिमको छनौट समितिले तोकेबमोजिमको संख्यामा खरिद अनुदान दिन सकिनेछ ।

(२) दफा ६ को उपदफा (१) को खण्ड (ङ) बमोजिमको दुग्ध डेरी सञ्चालनसँग सम्बन्धित सामाग्री उद्यमी तथा सहकारीले माग गरेको आधारमा र (ज) बमोजिमको एग्रो मार्ट निर्माण/एग्रो मार्ट सञ्चालन तथा व्यवस्थापन/तरकारी तथा फलपुल स्रोत केन्द्र स्थापना र सञ्चालन/सिड बैंक स्थापना सम्बन्धी योजना मागकर्ताको हकमा निजहरुले पेश गरेको कागजात तथा पूर्वाधार र फिल्ड अनुगमनबाट आवश्यकता देखिएको आधारमा दफा ११ बमोजिमको छनौट समितिले तोकेबमोजिमको संख्यामा र विनियोजित बजेटको आधारमा सम्बन्धित सामाग्री उपलब्ध गराउन र ती योजनामा सम्झौता गर्न सकिने छ ।

२४. **कार्यपालिकाको निर्णय अनुसार हुने** : यो कार्यविधि कार्यान्वयनमा कुनै समस्या परेमा कार्यपालिकाले निर्णय अनुसार हुनेछ ।

२५. **खारेजी वा संशोधनः** यो कार्यविधि नगर कार्यपालिकाको निर्णयानुसार खारेजी वा संशोधन हुनेछ ।

२६. **विविधः** यस कार्यविधिमा उल्लेख नभएका कुराहरुको हकमा गरुडा नगरापालिका कृषि ऐन, २०७९ तथा प्रचलित कानुन अनुसार हुनेछ ।

नगर कार्यपालिकाको कार्यालय

अनुसूची-१

(दफा ५ को उपदफा (३) सँग सम्बन्धित)

आवेदन दिंदा संलग्न गर्नुपर्ने आवश्यक कागजातहरू

**१. कृषक हकमा**

(क) नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।

(ख) जग्गाधनीको लालपूर्जा वा करार सम्झौता प्रतिलिपि ( पोखरी निर्माण तथा मर्मतको हकमा) ।

(ग) चालु आ.व. मालपोत तिरेका रसिदको प्रतिलिपी ।

(घ) कृषक /उद्यमी दर्ता प्रमाण पत्र प्रतिलिपि

(ङ) कुखुराको खोर निर्माण गर्नेले आफ्नो नाममा जग्गा भएको हुनुपर्ने ।

(च) निर्माण कार्यको हकमा लागत इस्टिमेट

(छ) वडा कार्यालयको सिफारिस पत्र ।

(ज) व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि/व्यक्तिगत PAN नम्बर ।

(झ) लागत सहभागिता व्यहोर्ने र पाँच वर्ष सम्म व्यवसाय गर्ने प्रतिवद्धता पत्र

(ञ) यस्तै प्रकृतिको कार्यक्रमको लागि विगत २ वर्षमा अनुदान नलिएको स्वघोषणापत्र

**२. कृषक समूह /कृषि फर्म/डेरी उद्यमीको हकमा**

(क) कृषक समूह वा फर्म वा व्यवसाय दर्ता प्रमाण पत्र

(ख) समितिको बैठकको निर्णय प्रतिलिपी । ( समूहको हकमा)

(ग) स्थायी लेखा नं.को प्रतिलिपी

(घ) कर चुक्ता पत्रको प्रतिलिपी

(ङ) जग्गाधनीको लालपूर्जा वा बहाल सम्झौता प्रतिलिपि (पोखरी निर्माण तथा मर्मतको हकमा) ।

(च) वडा कार्यालयको सिफारिस पत्र ।

(छ) लागत सहभागिता व्यहोर्ने र पाँच वर्ष सम्म व्यवसाय गर्ने प्रतिवद्धता पत्र

(ज) यस्तै प्रकृतिको कार्यक्रमको लागि विगत २ वर्षमा अनुदान नलिएको स्वघोषणापत्र

(झ) व्यवसायीक योजना

**३. सहकारी संस्थाको हकमा**

(क) सहकारी दर्ता प्रमाण पत्र तथा निणर्य प्रतिलिपि ।

(ख) जग्गाधनीको लालपूर्जा वा बहाल सम्झौता प्रतिलिपि (पोखरी निर्माण तथा मर्मतको हकमा) ।

(ग) समितिको बैठकको निर्णय प्रतिलिपी ।

(घ) स्थायी लेखा नं.को प्रतिलिपी

(ङ) लेखा परीक्षण प्रतिवेदन, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी

(च) यस्तै प्रकृतिको कार्यक्रमको लागि विगत २ वर्षमा अनुदान नलिएको स्वघोषणापत्र

(छ) वडा कार्यालयको सिफारिस पत्र ।

(ज) लागत सहभागिता व्यहोर्ने र पाँच वर्ष सम्म व्यवसाय गर्ने प्रतिवद्धता पत्र

(झ) व्यवसायीक योजना

नगरकार्यपालिकाको कार्यालय

अनुसूची-२ (क)
(दफा ५ को उपदफा (३) सँग सम्बन्धित)
आवेदन तथा माग फारमको ढाँचा

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
गरुडा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, गरुडा, रौतहट ।

**विषयः अनुदानमा डेरी यन्त्र (उपकरण) तथा सामाग्री/ कृषि मशिनरी/ सिंचाईसँग सम्बन्धित सिंचाइको लागि विद्युत मोटर/पम्पसेट उपलब्ध गराइ पाउँ ।**

महोदय,

मलाई/ हामीलाई दुग्ध डेरी सञ्चालन गर्नकालागि/सिंचाई प्रबन्ध गर्नका लागि मिति २०../../..मा गरुडा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, गरुडाबाट प्रकाशन गरिएको सुचनाको आधारमा उल्लेखित मध्यको अनुदानमा डेरी यन्त्र (उपकरण) तथा सामाग्री/कृषि मशिनरी/सिंचाईसँग सम्बन्धित सिंचाइको लागि विद्युत मोटर/पम्पसेट आवश्यक परेकोले यसै साथ माग फारम/प्रस्ताव संलग्न गरी अनुदानमा डेरी यन्त्र (उपकरण) तथा सामाग्री/सिंचाईसँग सम्बन्धित सिंचाइको लागि विद्युत मोटर/पम्पसेट उपलब्ध गराई पाउनका लागि कागजात सहित यो निवेदन पेश गरेको छु/छौं ।

१.
२.
३.
४.
५.
६.
७.
८.
९.
१०.

निवेदक
दस्तखतः
नाम/थरः
आवेदकको नामः
पदः
संस्थाको छापः

नगर कार्यपालिकाको कार्यालय

**अनुदानमा डेरी यन्त्र (उपकरण) तथा सामाग्री/कृषि मशिनरी/सिंचाईसँग सम्बन्धित सिंचाइको लागि विद्युत मोटर/पम्पसेट अनुदान माग गर्ने साझेदारको बिवरण सहितको माग फारम/प्रस्तावको ढाँचा :**

१. कृषक/कृषक समूह/कृषि फर्म/कृषि सहकारी/दुग्ध डेरी उद्यमी(संस्था)को नामः

२. अधिकार प्राप्त पदाधिकारीको नाम र नागरिकता प्र.प.न..................
जारी मिति.......................

३. संस्था दर्ता नं...............दर्ता मिति.....................वडा नं.........टोल...........................

४. स्थायी ठेगानाः जिल्ला ........, गाउँपालिका/नगरपालिका, वडा नं......... टोल...........

५. हालको ठेगानाः जिल्ला.रौतहट, गरुडा नगरपालिका, वडा नं......... टोल...........

६. संम्पर्क मोवाईल न........................फोन न.........................इमेल..........................

७. संम्पर्क व्यक्तिको नामः................................. पद.....................मोवाईल नं..............

८. खाता रहेको बैंकको नामः...............................ठेगाना..............खाता नं.................

९. साझेदारको PAN NO.........................

१०. सदस्य संख्याः महिला.............पुरुष..............जनजाती......................

११. लाभान्वित कृषक संख्याः प्रत्यक्ष................... अप्रत्यक्ष.............................

१२. प्राप्त गर्न चाहेको **डेरी यन्त्र (उपकरण) तथा सामाग्री/सिंचाईसँग सम्बन्धित सिंचाइको लागि विद्युत मोटर/पम्पसेटे** बिवरण :

| क्र.स. | यन्त्र (उपकरण)/सामाग्री | क्षमता |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |

१३. प्राप्त **डेरी यन्त्र (उपकरण) तथा सामाग्री/कृषि मशिनरी/सिंचाईसँग सम्बन्धित सिंचाइको लागि विद्युत मोटर/पम्पसेट** उपयोग गर्ने क्षेत्रः गरुडा नगरपालिका वडा नं. ...... टोल/वस्ती .............

१४. कृषि यन्त्र उपकरण र प्रबिधि लिन म/हामी छनौट भएमा कार्यालयवाट पाईने ५० प्रतिशत अनुदान र अन्य सेवा सुबिधा बाहेक आफ्नो स्वलगानी गरी कार्यक्रममा संलग्न हुन सहमत छु/छौ ।

माथि उल्लेखित गरेको बिवरण ठिक साँचो छ, झूठा भएमा कानुनी कार्बाही भएमा राजी छु/छौ । मलाई/हामीलाई त्यस कार्यालयवाट व्यवस्था भए बमोजिमको बजेट उपलब्ध गराई दिनुहुन खनुरोध गर्दछु/छौ

संस्थाको छाप | निवेदकको सहीः
मितिः

नगर कार्यपालिकाको कार्यालय

**अनुसूची-२ (ख)**
(दफा ५ को उपदफा (३) सँग सम्बन्धित)
आवेदन तथा माग फारमको ढाँचा

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
गरुडा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, गरुडा, रौतहट ।

**विषयः अनुदानमा भैंसी खरिद/बाखा खरिद/कुखुराको खोर निर्माण/दुग्ध डेरी कोल्ड स्टोर निर्माण/माछा पोखरी निर्माण/माछा पोखरी मर्मत/कृषि तथा पशुपालनसँग सम्बन्धित (अन्य योजना तथा शिर्षक) कार्यक्रम उपलब्ध गराइ पाउँ ।**

महोदय,

मलाई/ हामीलाई दुग्ध डेरी सञ्चालन गर्नकालागि/सिंचाई प्रबन्ध गर्नका लागि मिति २०../../..मा गरुडा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, गरुडाबाट प्रकाशन गरिएको सुचनाको आधारमा उल्लेखित मध्यको अनुदानमा भैंसी खरिद/बाखा खरिद/कुखुराको खोर निर्माण/दुग्ध डेरी कोल्ड स्टोर निर्माण/माछा पोखरी निर्माण/माछा पोखरी मर्मत/कृषि तथा पशुपालनसँग सम्बन्धित (अन्य योजना तथा शिर्षक) कार्यक्रम आवश्यक परेकोले यसै साथ माग फारम/प्रस्ताव संलग्न गरी अनुदानमा भैंसी खरिद/बाखा खरिद/कुखुराको खोर निर्माण/दुग्ध डेरी कोल्ड स्टोर निर्माण/माछा पोखरी निर्माण/माछा पोखरी मर्मत कार्यक्रम उपलब्ध गराई पाउनका लागि कागजात सहित यो निवेदन पेश गरेको छु/छौं ।

१.
२.
३.
४.
५.
६.
७.
८.
९.
१०.

निवेदक
दस्तखतः
नाम/थरः
आवेदकको नामः
पदः
संस्थाको छापः

नगर कार्यपालिकाको कार्यालय

**अनुदानमा भैंसी खरिद/बाख्रा खरिद/कुखुराको खोर निर्माण/दुग्ध डेरी कोल्ड स्टोर निर्माण/माछा पोखरी निर्माण/माछा पोखरी मर्मत/कृषि तथा पशुपालनसँग सम्बन्धित (अन्य योजना तथा शिर्षक) को लागि अनुदान माग गर्ने साझेदारको बिवरण सहितको माग फारम/प्रस्तावको ढाँचा :**

१. कृषक/कृषक समूह/कृषि फर्म/कृषि सहकारी/दुग्ध डेरी उद्यमी(संस्था)को नामः

२. अधिकार प्राप्त पदाधिकारीको नाम र नागरिकता प्र.प.न..................
जारी मिति......................

३. संस्था दर्ता नं..............दर्ता मिति....................वडा नं........टोल........................

४. स्थायी ठेगानाः जिल्ला ........, गाउँपालिका/नगरपालिका, वडा नं......... टोल...........

५. हालको ठेगानाः जिल्ला.रौतहट, गरुडा नगरपालिका, वडा नं......... टोल...........

६. संम्पर्क मोवाईल न........................फोन न.........................इमेल..........................

७. संम्पर्क क्यत्तिको नामः................................ पद................मोवाईल नं...............

८. खाता रहेको बैंकको नामः.................................ठेगाना..............खाता नं...............

९. साझेदारको PAN NO.........................

१०. सदस्य संख्याः महिला.............पुरुष..............जनजाती.....................

११. लाभान्वित कृषक संख्याः प्रत्यक्ष................... अप्रत्यक्ष............................

१२. प्राप्त गर्न चाहेको **भैंसी खरिद/बाख्रा खरिद/कुखुराको खोर निर्माण/दुग्ध डेरी कोल्ड स्टोर निर्माण/माछा पोखरी निर्माण/माछा पोखरी मर्मत कार्यक्रम** विवरण :

| क्र.स. | कार्यक्रमको विवरण | संख्या/ क्षमता/क्षेत्रफल |
|---|---|---|
| | | |
| | | |
| | | |

१३. प्राप्त भैंसी खरिद/बाख्रा खरिद/कुखुराको खोर निर्माण/दुग्ध डेरी कोल्ड स्टोर निर्माण/माछा पोखरी निर्माण/माछा पोखरी मर्मत/कृषि तथा पशुपालनसँग सम्बन्धित (अन्य योजना तथा शिर्षक) कार्यक्रम संचालन हुने क्षेत्रः गरुडा नगरपालिका वडा नं. ...... टोल/वस्ती ..........

१४. कृषि यन्त्र उपकरण र प्रबिधि लिन म/हामी छनौट भएमा कार्यालयवाट पाईने ५० प्रतिशत अनुदान र अन्य सेवा सुबिधा बाहेक आफ्नो स्वलगानी गरी कार्यक्रममा संलग्न हुन सहमत छु/छौं ।

माथि उल्लेखित गरेको बिवरण ठिक साँचो छ, झूठा भएमा कानुनी कार्बाही भएमा राजी छु/छौं । मलाई/हामीलाई त्यस कार्यालयवाट ब्यवस्था भए बमोजिमको बजेट उपलब्ध गराई दिनुहुन खनुरोध गर्दछु/छौं ।

संस्थाको छाप            निवेदकको सहीः
मितिः

नगरकार्यपालिकाको कार्यालय

**अनुसूचि-२(ग)**

(दफा ५ को उपदफा (३) सँग सम्बन्धित)

आवेदन तथा माग फारमको ढाँचा

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
गरुडा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, गरुडा, रौतहट ।

**विषयः लागत साझेदारीमा एग्रो मार्ट निर्माण/एग्रो मार्ट सञ्चालन तथा व्यवस्थापन/तरकारी तथा फलपुल स्रोत केन्द्र स्थापना र सञ्चालन/सिड बैंक स्थापना योजना उपलब्ध गराइ पाउँ ।**

महोदय,

मलाई/हामीलाई लागत साझेदारीमा एग्रो मार्ट निर्माण/एग्रो मार्ट सञ्चालन तथा व्यवस्थापन/तरकारी तथा फलपुल स्रोत केन्द्र स्थापना र सञ्चालन/सिड बैंक स्थापनाको लागि मिति २०../../..मा गरुडा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, गरुडाबाट प्रकाशन गरिएको सुचनाको आधारमा उल्लेखित मध्यको लागत साझेदारी (५० प्रतिशत अनुदान) मा एग्रो मार्ट निर्माण/एग्रो मार्ट सञ्चालन तथा व्यवस्थापन/तरकारी तथा फलपुल स्रोत केन्द्र स्थापना र सञ्चालन/सिड बैंक स्थापनाको आवश्यक परेकोले यसै साथ माग फारम/प्रस्ताव संलग्न गरी लागत साझेदारीमा **एग्रो मार्ट निर्माण/एग्रो मार्ट सञ्चालन तथा व्यवस्थापन/तरकारी तथा फलपुल स्रोत केन्द्र स्थापना र सञ्चालन/सिड बैंक स्थापना शिर्षको** योजना सञ्चालनको लागि म/हामीलाई छनौट गरी पाउनका लागि कागजात सहित यो निवेदन पेश गरेको छु/छौं ।

१.
२.
३.
४.
५.
६.
७.
८.
९.
१०.

निवेदक
दस्तखतः
नाम/थरः
आवेदकको नामः
पदः
संस्थाको छापः

नगर कार्यपालिकाको कार्यालय

**लागत साझेदारीमा एग्रो मार्ट निर्माण/एग्रो मार्ट सञ्चालन तथा व्यवस्थापन/तरकारी तथा फलपुल स्रोत केन्द्र स्थापना र सञ्चालन/सिड बैंक स्थापना सम्बन्धी योजना माग गर्ने साझेदारको बिवरण सहितको माग फारम/प्रस्तावको ढाँचा :**

१. कृषक/कृषक समूह/कृषि फर्म/कृषि सहकारी/दुग्ध डेरी उद्यमी(संस्था)को नामः

२. अधिकार प्राप्त पदाधिकारीको नाम र नागरिकता प्र.प.न.................
जारी मिति......................

३. संस्था दर्ता नं..............दर्ता मिति....................वडा नं........टोल..........................

४. स्थायी ठेगानाः जिल्ला ........, गाउँपालिका/नगरपालिका, वडा नं........ टोल..........

५. हालको ठेगानाः जिल्ला.रौतहट, गरुडा नगरपालिका, वडा नं........ टोल..........

६. संम्पर्क मोवाईल न.......................फोन न........................इमेल.........................

७. संम्पर्क क्यत्तिको नामः................................ पद...................मोवाईल नं..............

८. खाता रहेको बैंकको नामः...............................ठेगाना..............खाता नं.................

९. साझेदारको PAN NO........................

१०. सदस्य संख्याः महिला.............पुरुष..............जनजाती......................

११. लाभान्वित कृषक संख्याः प्रत्यक्ष................... अप्रत्यक्ष............................

१२. पूर्वाधार सम्बन्धी विवरण : ........

१२. प्राप्त गर्न चाहेको **एग्रो मार्ट निर्माण/एग्रो मार्ट सञ्चालन तथा व्यवस्थापन/तरकारी तथा फलपुल स्रोत केन्द्र स्थापना र सञ्चालन/सिड बैंक स्थापना** बिवरण :

| क्र.स. | योजनाको नाम/विवरण/सामाग्री | संख्या/क्षमता/क्षेत्रफल |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |

१३. प्राप्त **एग्रो मार्ट निर्माण/एग्रो मार्ट सञ्चालन तथा व्यवस्थापन/तरकारी तथा फलपुल स्रोत केन्द्र स्थापना र सञ्चालन/सिड बैंक स्थापना गरी संचालन हुने र** उपयोग गर्ने क्षेत्रः गरुडा नगरपालिका वडा नं. ...... टोल/वस्ती .............

१४. उल्लेखित योजना सञ्चालन गर्न र लिन म/हामी छनौट भएमा कार्यालयवाट पाईने ५० प्रतिशत अनुदान र अन्य सेवा सुबिधा बाहेक आफ्नो स्वलगानी गरी कार्यक्रममा संलग्न हुन सहमत छु/छौ ।

माथि उल्लेखित गरेको बिवरण ठिक साँचो छ, झूठा भएमा कानुनी कार्बाही भएमा राजी छु/छौ । मलाई/हामीलाई त्यस कार्यालयवाट व्यवस्था भए बमोजिमको बजेट उपलब्ध गराई दिनुहुन खनुरोध गर्दछु/छौ

संस्थाको छाप                                        निवेदकको सहीः
मितिः

**अनुसुची-३**

**(दफा ६ को उपदफा (४) सँग सम्बन्धित)**

**सम्झौता पत्रको ढाँचा**

श्री गरुडा नगरपालिका नगर कार्यपालिकाको कार्यालय गरुडा, रौतहट र ............................ बीच ...............................लागत साझेदारी तथा अनुदानमा योजना संचालनको लागि भएको

# सम्झौता पत्र

यो सम्झौतापत्र................................कार्यालय (यस पछि पहिलो पक्ष भनिएको) र ..........................कृषक/ समूह/ कृषि फर्म/ फर्म/ सहकारी संस्था .............. वडानं. ....टोल (यस पछि दोस्रो पक्ष भनिएको) बीच तपसिलको शर्त बमोजिमको कुराहरुलाई पालना गर्ने कुरा मञ्जुर गरीन्छ ।

१. यो सम्झौता, सम्झौता भएको मिति .................. देखि प्रारम्भ भएको मानिनेछ र यो सम्झौतामा संलग्न स्वीकृत मागफारम/प्रस्तावना र इष्टिमेट बमोजिमको कार्य यथाशिघ्र संचालन गरी मिति २०८.....साल........... महिना .......... गते सम्म सम्पन्न गरेर आवश्यक कागजात सहित दोस्रो पक्षले पहिलो पक्ष समक्ष पेश गर्नु पर्नु र्नेछ ।

२. यस सम्झौता बमोजिमको ..................................... कार्यक्रम सम्बन्धी कार्य दोस्रो पक्ष आफैले गर्नुपर्नुर्नेछ । दोस्रो पक्ष आफैले नगरी अन्य व्यक्ति वा संस्था मार्फत गराउन पाइने छैन ।

३. प्रथम पक्षले दोस्रो पक्षलाई स्वीकृत मागफारम/प्रस्तावना र इष्टिमेट अनुसारको पूर्वाधार निर्माण कार्य सञ्चालनको हकमा रनिङ बीलको आधारमा समेत भुक्तानी गर्न सकिने छ ।

४. सबै कार्य सम्पन्न भई कार्य सम्पन्न अन्तिम प्रतिवेदन प्राप्त भएपछि कार्यविधिमा उल्लेख भएको समय पछि अनुदान रकम भुक्तानी गरिने छ ।

५. सम्झौता वमोजिमको कार्यसंचालन तथा सम्पन्नको लागि पहिलो पक्ष मार्फत अनुदान स्वरुप रु.............. (अक्षरेपी ..........................................) र दोस्रो पक्षको लागत सहभागिता वापत रु...................... (अक्षरेपी................................) व्यहोरिनेछ ।

६. दोस्रो पक्षले सम्झौता बमोजिमको "कार्यक्रमका लागि सम्झौतामा समावेश गरिएको श्रोतवाहेक अन्य कुनै सरकारी, गैह्रसरकारी संघसंस्थावाट सहयोग, अनदानु आदि प्राप्त गरिने भए प्रथम पक्षलाई जानकारी गराउनु पर्नेछ ।

७. दोस्रो पक्षले सम्झौता बमोजिमको काम गर्दा प्रथम पक्षबाट खटिएका प्राविधिकहरुले दिएको निर्देशनको पालना गर्नु पर्नेछ ।

८. प्रथम पक्षले तोके को ढाँचा अनसार कार्यक्रमको विवरण, लागत, सम्पन्न अवधि, अपेक्षित उपलब्धि जस्तो सम्पूर्ण विवरण र लागत खुलाई सर्वसाधारण सबैले देख्ने गरी सार्वजनिक स्थानमा दोस्रो पक्षले सूचना पाटी र होर्डिंग बोर्ड राख्नुप्नुर्नेछ ।

९. दोस्रो पक्षले कार्यक्रम शुरुवात देखि सञ्चालन सम्बन्धी सम्पूर्ण कार्यको अभिलेख राखेको हुनुपर्नेछ ।

१०. प्रथम पक्षले दोस्रो पक्षलाई भुक्तानी दिदा प्रथम पक्षले पेश गरेको विलमा कार्यविधिको दफा १२ बमोजिमको प्राविधिक समितिको प्रतिवेदनको आधारमा दोस्रो पक्षको नाममा भएको बैंक खातामा अनुदान रकम भुक्तानी दिईने छ ।

११. सोझै सामाग्री बुझ्ने दोस्रो पक्ष (साझेदारको हकमा)ले नगर कार्यपालिकाको खातामा वा आपूर्ति कर्ताको खातामा लागत सहभागिता वापतको रकम जम्मा गराई सामाग्री बुझिलिन पाउने छ ।

१२. दोस्रो पक्षको लापरवाहीको कारणबाट कार्य सम्पन्न नभई हानि नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षले लिनेछ ।

१३. पूर्वाधार निर्माण गर्ने दोस्रो पक्षले सम्झौताको शर्त र कार्य तालिका बमोजिम ..............................मितिसम्म यो सम्झौता बमोजिमको सम्पूर्ण कार्य (डिजाइन र इष्टिमेट) अनुसार पूर्णरुपमा सम्पन्न गरी सञ्चालनमा ल्याउनेछ ।

१४. सम्झौता बमोजिमको कार्य गर्ने सम्बन्धमा कुनै विवाद आएमा दुवै पक्षको उपस्थितिमा समझदारी गर्न सकिनेछ र प्रथम पक्षको निर्णय अन्तिम मानिनेछ ।

१५. पूर्वाधारको निर्माण गर्दा वा विरुवा, विउ विजन, पशु खरिद गर्दा उपलब्ध भए सम्म आधिकारिक श्रोत केन्द्रबाट वा फर्मबाट खरिद गर्नु पर्नेछ ।

१६. दोस्रो पक्षले अनुदानमा प्राप्त रकम फर्म वा कार्यस्थलमा नमेटिने गरी लेख्नु पर्नेछ ।

१७. दुवै पक्ष बीच सम्झौता भएको मितिदेखि लागु हुने गरी प्रथम पक्षले दोस्रो पक्षलाई कार्यक्रम संचालन गर्नको लागि कार्य आदेश दिएको मानिनेछ ।

१८. अनुदान ग्राही दोस्रो पक्षले पाँच वर्ष सम्म प्रतिवद्धता अनुसारको व्यवसाय निरन्तर रुपमा गर्नु पर्नेछ ।

१९. यो सम्झौतामा उल्लेख भएका कुराहरुमा यस बमोजिम र अन्य कुराहरुमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

**पहिलो पक्ष**
दस्तखत:
नाम :
पद :
सम्पर्क नम्बर :
मिति:
कार्यालयको छाप :

**दोस्रो पक्ष**
दस्तखत:
नाम:
पद:
सम्पर्क नम्बर :
मिति :
संस्थाको छाप:

नगर कार्यपालिकाको कार्यालय

अनुसुची-४
(दफा १३ सँग सम्बन्धित)
मासिक प्रगती प्रतिवेदनको ढाँचा

आर्थिक बर्ष : महिना :

| क.सं. | बजेट उपशिर्षक नम्बर | कार्यक्रम | वडा | कार्यालयबाट निकासा रकम रु. | | अनुदानग्राहिलाई भुक्तान भएको रकम रु. | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | यस महिनाको | हालसम्मको | यस महिनाका | हालसम्मको | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

नगर कार्यपालिकाको कार्यालय

अनुसुची-५

(दफा १३ सँग सम्बन्धित)

कार्यालयले पेश गर्ने चौमासिक तथा वार्षिक प्रगती प्रतिवेदन ढाँचा

आर्थिक बर्ष :

| क.सं. | बजेट उपशिर्षक नम्बर | कार्यक्रम | वडा | अनुदानग्राहिको नाम | अनुदानग्राहिको समूह, फर्म वा सहकारीको नाम | कार्यालयबाट जम्मा भएको अग्रिम निकासा रकम रु. | अनुदानग्राहि लाई भुक्तान भएको रकम रु. | फिर्ता दाखिला भएको अनुदान रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

नगर कार्यपालिकाको कार्यालय

## अनुसूचि- ६

(दफा २२ सँग सम्बन्धित)

स्वःघोषणा-पत्र

यस गरुडा नगरपालिकाको कार्यालयको मिति २०...................को सूचना अनुसार ..............................कार्यक्रममा सहभागी भई ................ व्यवसाय गर्न इच्छुक भएकोले कार्यक्रममा छनौट हुन पाउन यो स्वःघोषणा पेश गरेको छु/छौं । साथै विगत २ वर्ष देखि नेपाल सरकार र नेपाल सरकारको विभिन्न निकाय तथा मधेश प्रदेश सरकार र मधेश प्रदेश सरकारको मन्त्रालय तथा निकायहरुबाट र यस नगरपालिकाबाट कृषि तथा पशु सेवा कार्यक्रम अन्तर्गत कुनैपनि अनुदान प्राप्त गरेको छैन भनि स्वःघोषण गर्दछु । यो स्वःघोषणाको व्यहोरा झुठा ठहरेमा कानुनबमोजिम सहुँला बेहोरुला ।

नाम :
दस्तखत :
ठेगाना :
सम्पर्क नं. :
कृषक परिचयपत्र वा व्यवसाय दर्ता नं.
सहकारी/कृषि फर्म/कृषिक समूह
भएकोमा सो को छाप :
निवेदक पद :

| दायाँ | बायाँ |
|---|---|
| | |

नगर कार्यपालिकाको कार्यालय

## अनुसूचि- ७

(दफा २२ सँग सम्बन्धित)

प्रतिवद्धता-पत्र

यस गरुडा नगरपालिकाको कार्यालयको मिति २०....................को सूचना अनुसार ...............................कार्यक्रममा सहभागी भई ................. व्यवसाय गर्न इच्छुक छु/छौं । साथै कार्यक्रमको लागि म छनौट भएमा गरुडा नगरपालिका नगर कार्यपालिकाको कार्यालयले उल्लेख गरेको शर्तहरुको अधिनमा रही ५ वर्षसम्म कृषि व्यवसायमा सक्रिय रहेने प्रतिवद्धता व्यक्त गर्दछु । अन्यथा कानुन बमोजिम हुने परिणामको लागि म स्वयं जिम्मेवार हुनेछु ।

नाम :

दस्तखत :

ठेगाना :

सम्पर्क नं. :

कृषक परिचयपत्र वा व्यवसाय दर्ता नं.

सहकारी/कृषि फर्म/कृषिक समूह

भएकोमा सो को छाप :

निवेदक पद :

| दायाँ | बायाँ |
| --- | --- |
| | |

आज्ञाले,

मुहम्मद मुस्ताक आलम

प्रमुख प्रशासकीय अधिकृत

रु.२५/-

नगर कार्यपालिकाको कार्यालय